# हरित जलवायु कोषको लागि आदिवासी जनजाति नीति
# GCF Indigenous Peoples Policy
## सम्वन्धी जान्नैपर्ने कुराहरु





आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र

## हरित जलवायु कोष भनेको के हो ?

हरित जलवायु कोष संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्मेलन (UNFCCC) द्वारा निर्देशित एक वहुपक्षीय वित्तिय इकाई हो । यो जलवायु परिवर्तनका क्षेत्रमा यसले जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धीका सदस्य विकासशील मुलुकहरुमा हरितगृह ग्याँस उत्सर्जन सीमित वा न्यूनीकरण गर्ने र वातावरणीय दृष्टिले जोखिमयुक्त समुदायलाई सहयोग गर्ने यी मुलुकहरुमा आयोजना, कार्यक्रम, नीति तथा अन्य क्रियाकलापहरुलाई सहयोग गर्दछ । यस क्षेत्रको वोर्डमा विकसित र विकासशील मुलुकका समान सदस्य गरी जम्मा २४ सदस्यद्वारा सञ्चालित हुन्छ । हालसम्म यस कोषको लागि १०३ विलियन अमेरिकी डलरको प्रतिवद्धता ब्यक्त भैसकेको छ ।

## हरित जलवायु कोषको उद्धेश्य र लक्ष्य के हो ?

यस कोषको मुख्य उद्द्येश्य राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन विकासमा सहयोग गर्नु हो । कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तनमा लगानी गर्ने लगानीमा स्वामित्व र जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्वोधन गर्दछ । कोषले अनुकुलन र न्यूनीकरणका कार्यक्रमहरुमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेको छ । यस अन्गार्तत ५० प्रतिशत लगानी विशेषगरी जोखिमपूर्ण देश जसमा अति कम विकसित मुलुक, साना टापुयुक्त विकासोन्मुख मुलुक र अफ्रिकी मुलुकहरुमा अनुकुलनका कार्यक्रमहरुका लागि लक्षित गरिएको छ ।

## हरित जलवायु कोषको लागि आदिवासी जनजाति नीति कहिले पारित भएको हो ?

दक्षिण कोरियाको सोङदो (Songdo) भन्ने ठाँउमा २७ फेब्रुअरी २०१८ भएको हरित जलवायु कोषको १९ औं वोर्ड वैठकले हरित जलवायु कोषको लागि आदिवासी जनजाति नीति पारित गरेको हो ।

## हरित जलवायु कोषको लागि आदिवासी जनजाति नीतिको उद्धेश्य के हो ?

आदिवासी जनजाति नीतिको मुख्य उद्द्येश्य हरितगृह जलवायु कोष सम्वन्धी क्रियाकलापहरुको विकास र कार्यान्वियनमा आदिवासी जनजातिहरुको प्रतिष्ठा, मानव अधिकार र साँस्कृतिक विशिष्टताको पूर्ण सम्मानको सुनिश्चितताको लागि खाका प्रदान गर्नु हो । जसका कारण आदिवासी जनजातिको संस्कृतिमैत्री,

सामाजिक र आर्थिक लाभ प्राप्त गर्न र कार्यक्रम तथा विकास प्रक्रियाले उनीहरुमाथि नकारात्मक प्रभाव पर्नवाट रोक्न सहयोग पुऱ्याँउदछ ।

## आदिवासी जनजाति नीतिले हरित जलवायु कोष सम्वन्धी निर्णय गर्दा कसरी आदिवासी जनजातिको सहभागीतालाई सुनिश्चित गर्दछ ?

यस नीतिले हरित जलवायु कोष सम्वन्धी विभिन्न तहमा हुने निर्णय प्रक्रियामा आदिवासी जनजातिहरुलाई सहभागी गराउन मार्ग प्रसस्त गर्नुका साथै व्यवस्थित र पारदर्शी ढंगले संचालनमा ३ तहमा सघाउ पुऱ्याउछ ।

**क) सुविधा र सञ्चालन तहमा :**

संस्थागत संचालनसंग सम्वन्धित जस्तै आदिवासी जनजाति, वातावरण र सामाजिक व्यवस्थापन अभ्यास, संस्थागत क्षमता र साझेदारहरुको संलग्नता ।

**ख) परियोजना र कार्यक्रम तहमा :**

आदिवासी जनजाति नीतिको निर्देशक सिद्धान्त (Guiding Principles) र वातावरणीय र सामाजिक व्यवस्थापन प्रणाली (ESMS) अनुसार तालिम गराएर ।

**ग) नीतिगत तहमा :**

रणनीति र संस्थागत निर्णयमा आदिवासी जनजातिहरुलाई सहभागी गराउने प्रक्रियाको स्थापना गरेर ।

## आदिवासी जनजाति नीतिको महत्व किन छ ?

यो नीति आदिवासी जनजातिहरुको लागि अति सान्दर्भिक र महत्वपुर्ण छ किनभने जलवायु परिवर्तनका कारण आदिवासी जनजातिहरु सवैभन्दा वढी प्रभावित र जोखिममा परेका छन् । त्यसैले जलवायु परिवर्तन सम्वन्धी नीति र कार्यक्रमहरु निर्माण हुँदा उनीहरुको पूर्ण र प्रभावकारी सहभागीता हुन आवश्यक छ । जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि (UNFCCC) को पक्ष राष्ट्रहरुको सम्मेलन (COP) लगायत कानकुन सम्झौताले आदिवासी जनजातिहरुको सहभागीताको मान्यता प्रदान गरेको छ । पेरिस सम्झौताको प्रस्तावनामा पक्ष राष्ट्रहरुले जलवायु परिवर्तनलाई सम्वोधन गर्ने उपायहरु अवलम्वन गर्दा आदिवासी जनजातिको अधिकार, मानव अधिकारको सम्मान र प्रवर्द्धन गर्नुका साथै आफ्नो दायित्व पुरा गर्नुपर्नेमा जोड दिएको छ । पक्ष राष्ट्रका सम्मेलनले हरित जलवायु कोषलाई आदिवासी जनजाति, परम्परागत ज्ञान र अभ्यासलाई अनुकुलन योजना

र अभ्यास प्रवर्द्धनका साथै अनुगमन, मूल्याँकन र प्रस्तुतिकरणमा समेत समावेश गर्नका लागि सिफारिस गरेको छ ।

## आदिवासी जनजाति नीतिले आदिवासी जनजातिहरूको अधिकारलाई कसरी संवोधन गर्न मद्दत गर्दछ ?

यस नीतिले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तन सम्वोधन गर्नका लागि वनाइने नीति, कार्यक्रम र यसको कार्यन्वयनका क्रममा आदिवासी जनजातिहरुको पूर्ण र प्रभावकारी सहभागीताको सुनिश्चितता, उनीहरुको प्रतिष्ठा, इज्जत, पहिचान, भावना, प्राकृतिक श्रोतमा आधारित जीविकोपार्ज, स्वायत्तताको संरक्षण र सम्वर्द्धनको सुनिश्चिततामा जोड दिन्छ । यस नीतिले अन्तराष्ट्रिय मापदण्ड अनुरुप निर्देशक सिद्धान्त निर्माण गर्दछ ।

नीतिले आदिवासी जनजातिहरुको पहिचान र आकाक्षाँ सम्वन्धित मुलुकका मूलधारका समुदायको भन्दा फरक भएको र उनीहरु अनुकुलन र न्युनीकरणका परम्परागत विधीले प्रभावित र वञ्चितीकरणमा परेको तथ्यलाई मान्यता प्रदान गरेको छ । आदिवासी जनजातिहरु आर्थिक रुपमा सीमान्कृत र जोखिममा परेको छ । आर्थिक, सामाजिक र कानुनी अवस्थाका कारण उनीहरु आफ्नो अधिकारको रक्षा, वन, भूमि, भूक्षेत्र, प्राकृतिक श्रोत र साँस्कृतिक श्रोतमाथि पहुँच र अधिकारलाई सीमित गरिदिएको छ । त्यस्तै यसले विकास र जलवायु परिवर्तन कार्यक्रमवाट फाईदा प्राप्त गर्न र त्यस प्रक्रियामा सहभागी हुने क्षमतालाई समेत वन्देज गरिदिएको अवस्था छ । कतिपय घटनाहरुमा उनीहरुले परियोजना लाभमा समन्यायिक पहुँच नहुनु, परियोजनाहरु उनीहरुको संस्कृतिमैत्री नहुनु, कार्यक्रमको तयारी र कार्यान्वियनका क्रममा उनीहरुको पूर्ण र प्रभावकारी सहभागीता नगराइनुका कारण कार्यक्रमले उनीहरुको समुदाय र जीवनमा नकारात्मक प्रभाव पारेको पाईन्छ ।

आदिवासी जनजाति नीतिको उद्देश्य जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनको लक्ष्य प्राप्तिको लागि गरिने सम्पूर्ण निर्णय प्रक्रिया र गतिविधीहरुमा आदिवासी जनजातिहरुको सहभागीतालाई सुनिश्चित गराउन सहयोग गर्ने रहेको छ । यस नीतिले हरित जलवायु कोषलाई आफ्नो गतिविधीहरुले आदिवासी जनजाति समुदायमाथि पर्न सक्ने नकारात्मक प्रभावलाई कम गर्न छानवीन, नियन्त्रण हटाउन मार्ग प्रसस्त गरिदिएको छ । यस नीतिले अन्य नीति र खाका मुख्यतया वातावरणीय र सामाजिक व्यवस्थापन प्रणाली (ESMS) संग एकिकृत गरी हरित जलवायु कोषको सम्पुर्ण संगठनहरुले प्रयोग गर्नेछ । यो नीतिको निर्माण आदिवासी जनजातिहरुको अधिकार सम्वन्धी संयुक्त राष्ट्संघीय घोषणापत्र (UNDRIP) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, सवै किसिमको जातिय भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय

महासन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धी महासन्धिका साथै अन्य सम्वन्धित सन्धि, महासन्धिहरुको सिद्धान्तले निर्देशित गरेवमोजिम तयार गरिएको हो। यो नीति वृहत रुपमा आदिवासी जनजातिका संस्थाहरुको सहभागिता र उनीहरुको सहमतिमा तयार गरिएको हो।

## यो नीति लागु हुने क्षेत्रको दायरा कति हो ?

यो नीति हरित जलवायु कोष मार्फत नीजि र सार्वजनिक दुवै क्षेत्रमा सञ्चालित क्रियाकलापहरुमा लागु हुनेछ। हरित जलवायु कोषद्वारा स्वीकृत र सहयोग प्रदान गरेका कार्यक्रम परियोजना र उपपरियोजनाहरुमा यो नीति लागु हुनेछ।

## के कस्ता विशेषता भएका आदिवासी जनजातिहरूको लागि यो नीति लागु हुनेछ ?

यस नीतिमा आदिवासी जनजाति भन्नाले निम्न विशेषता भएका विशिष्ट सामाजिक र सांस्कृतिक समूहलाई जनाउँदछ।

क. स्वपहिचान : छुट्टै विशिष्ट सामाजिक र सांस्कृतिक समूहको सदस्य भएको र अरुले यो पहिचानलाई मान्यता प्रदान गरेको।

ख. भौगोलिक रुपमा विशिष्ट वासस्थान (Habitat), थातथलो, भूक्षेत्र र प्राकृतिक श्रोतहरुसंग सामूहिक सम्वन्ध भएको।

ग. मूल प्रवाहका समाज वा संस्कृति भन्दा अलग र विशिष्ट किसिमको प्रथाजनित संस्कृति, आर्थिक, सामाजिक र राजनैतिक प्रणाली भएको।

घ. सरकारी कामकाजको भाषा वा मुलुकको भाषा वा आफ्नो क्षेत्रको भाषा भन्दा छुट्टै भाषा वा वोली भएको।

हरित जलवायु कोषले सवैले स्वीकार गरेको र प्रयोग गरेको आधारमा आदिवासी जनजातिको पहिचान, आदिवासी जनजातिको स्वपहिचानको सम्मान गर्दै आदिवासी जनजाति नीतिको प्रयोग गर्नेछ।

आदिवासी जनजातिहरुलाई सवै मुलुकहरुमा एउटै रुपमा परिभाषित गरेको पाईदैन्। केही मुलुकहरुमा आदिवासी जनजाति भनिन्छ भने अन्य मुलुकहरुमा सोही समूहलाई आदिवासी जनजाति र स्थानीय समुदाय, अल्पसंख्यक आदिवासी, ट्राइवल ग्रुप, क्याराावियन, हिल ट्राइव, जोखिमयुक्त र सिमान्तीकृत समूह, हन्टर ग्यादरर (Hunter gatherers) वनवासी (Forest dwellers) घुमन्ते समूह (Nomadic group) भनेर चिनिन्छ।

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई जनाउने उल्लेख छ।

यो नीति हरित जलवायु कोषद्वारा संचालन वा कार्यान्वयन हुने कृयाकलापहरु जहाँ आदिवासी जनजातिहरुको वसोवास भएको क्षेत्र, त्यस क्षेत्र/भूभागसंग सामूहिक सम्वन्ध वा अधिकार भएको क्षेत्रमा लागु हुनेछ। यो नीति आदिवासी जनजातिलाई सकरात्मक वा नकारात्मक जस्तोसुकै प्रभाव पर्ने भएतापनि लागु हुनेछ।

## आदिवासी जनजाति नीतिका निर्देशक सिद्धान्तमा के उल्लेख गरिएको छ ?

यस नीतिका निर्देशक सिद्धान्तमा निम्न कुराहरु समावेश गरिएको छ।

**क. स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीको विकास र कार्यान्वयन** :

हरित जलवायु कोषको लगानी वा सहयोगमा कुनै पनि कार्यक्रम लागु गर्दा उपयुक्त प्रक्रिया र विधी मार्फत आदिवासी जनजातिहरुसंग प्रभावकारी परामर्श र स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीलाई लागु गरेको प्रमाण सहितको सुनिश्चितता गर्नेछ। आदिवासी जनजातिहरुको आफ्नै प्रतिनिधीमुलक संस्थाहरु मार्फत परामर्श गर्नेछ। कार्यक्रमले आदिवासी जनजातिको भूमि, भूक्षेत्र, श्रोतहरु, जीविकोपार्जन र संस्कृतिमा नकारात्मक प्रभाव पर्न दिने छैन्।

**ख. आदिवासी जनजातिहरुको भूमि, भूक्षेत्र र श्रोतहरुमाथिको अधिकारको सम्मान ।**

हरित जलवायु कोष कार्यक्रमले आदिवासी जनजातिहरुको भूमि, भूक्षेत्र र श्रोतहरुमाथिको अधिकार र उनीहरुको साँस्कृतिक र आध्यात्मिक सम्पदा र मूल्य, परम्परागत ज्ञान, श्रोत व्यवस्थापन प्रणाली र अभ्यास, पेशा र जीविकोपार्जन, प्रथाजनित संस्थाहरुको सम्मान र सहयोग गर्नेछ।

**ग. अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्तको मान्यता** :

हरित जलवायु कोष कार्यक्रमले आदिवासी जनजातिहरुको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) का सिद्धान्त र अन्य सम्वन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय कानुनहरुको सम्मान गर्नेछ। त्यस्तै अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, सवै किसिमको जातिय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी महासन्धी लगायतका सिद्धान्तहरुलाई सम्मान गर्नेछ।

**घ. आदिवासी जनजातिको पृथक मानिसका रुपमा स्वतन्त्रपुर्वक वाँच्न पाउने अधिकारको सम्मान :**

हरित जलवायु कोष कार्यक्रमले आदिवासी जनजातिलाई पृथक मानिसका रुपमा स्वतन्त्रता, शान्ति तथा सुरक्षापूर्वक वाँच्न पाउने सामूहिक वा विशेषाधिकारको सम्मान गर्नेछ। उनीहरुलाई आफ्नो संस्कृति अनुसार स्वतन्त्र पूर्वक अलग्गै वस्न पाउने अधिकारको सम्मान गर्दै कार्यक्रमले उनीहरुको भूमि, भूक्षेत्र, जीवनशैली, वातावरण, स्वास्थ्य र संस्कृतिमा नकारात्मक प्रभाव पर्नवाट रोक्नका लागि उपयुक्त संयन्त्र तयार गरी त्यसको सम्मान, संरक्षण र मान्यता प्रदान गर्नेछ।

**ङ. परम्परागत ज्ञान र जीविकोपार्जन प्रणालीलाई सम्मान र मान्यता प्रदान :**

हरित जलवायु कोषले आदिवासी जनजातिहरुको सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, स्वामित्व र ज्ञानको हस्तान्तरण प्रणालीलाई मान्यता प्रदान र सम्मान गर्नेछ। कोषले आदिवासी जनजातिहरुको सहभागीता र परम्परागत ज्ञान भएकाहरुको नेतृत्वलाई प्रवर्द्धन गर्नेछ।

**च. आदिवासी जनजातिहरुको क्षमता अभिवृद्धि :**

कोषले सल्लाहकार समिति खडा गरी आदिवासी जनजातिहरुको सवाल र अधिकारलाई उपयुक्त तरिकाले संवोधन गर्नका लागि निर्णय गर्ने क्षमता अभिवृद्धि गर्नेछ। साथै समितिका पदाधिकारी र सचिवालयका कर्मचारीहरुको समेत क्षमता अभिवृद्धिमा जोड दिनेछ।

**छ. आदिवासी जनजातिहरुको हरित जलवायु कोष माथिका पहुँचको लागि सहजीकरण**

**ज. स्वशासन पद्दतिलाई सम्मान :**

हरित जलवायु कोषले आदिवासी जनजातिहरुले आफ्नो साँस्कृतिक, आर्थिक, सामाजिक विकास सम्वन्धी स्वतन्त्रपूर्वक आफै निर्णय गर्न पाउने स्वशासन पद्दतीलाई प्रवर्द्धन गर्नेछ।

## हरित जलवायु कोषको श्रोतहरूमाथि आदिवासी जनजातिहरूको पहुाचको लागि सहजीकरण :

कोषले आदिवासी जनजातिहरुसंग परामर्श, उनीहरुको सहभागीता र समावेशीकरणका लागी तोकिएको राष्ट्रिय निकाय (NDA) र मान्यता प्राप्त निकाय (AE) लाई प्रोत्साहन गर्दछ। कोषले जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका कार्यक्रमहरु वनाउँदा आदिवासी जनजातिहरुको आवश्यक्ता र प्राथमिकतालाई ध्यानमा राख्नुपर्नेमा जोड दिन्छ।

## हरित जलवायु कोषको भूमिका र जिम्मेवारी अन्तर्गत के के पर्दछ ?

कोषको भूमिका र जिम्मेवारी अन्तर्गत नीति कार्यान्वियन निर्देशिकाको तयारी, दस्तावेजीकरण र सञ्चार, संस्थाहरुलाई सम्वन्धन प्रदान (Accreditation) कामदेखि परियोजना चक्रमा आउन सक्ने जोखिमहरुको व्यवस्थापन, सरोकारवालाहरुको सहभागीता, सूचना सार्वजनिक नीति र गुनासो सुनुवाई षयन्त्रको निर्माण, कार्यान्वियन, आदिवासी जनजातिको सल्लाहकार समितिलाई सहयोग गर्नु र नीतिको समीक्षा गर्नु रहेको छ ।

आदिवासी जनजातिको नीति कार्यान्वियनका क्रममा प्राप्त अनुभव र ज्ञानलाई दस्तावेजीकरण र सूचना आदानप्रदान र सञ्चारको जिम्मेवारी हरित जलवायु कोषको हुन्छ । कोषले संस्थाका इकाईहरुको सम्वन्धनको सम्वन्धमा ती इकाईहरुसंग यो नीति कार्यान्वयन गर्ने क्षमताको निर्धारण गर्ने, क्षमता भए नभएको मूल्याँकन गर्ने गर्दछ । यदि आवश्यक्ता भएको खण्डमा सम्वन्धित इकाईहरुसंग सहकार्य गरी उनीहरुको क्षमता अभिवृद्धि गर्न सहयोग गर्दछ ।

त्यस्तै कोषमार्फत वित्तीय सहयोग उपलब्ध गराएका परियोजना चक्रमा आउन सक्ने जोखिम व्यवस्थापन गर्न जिम्मेवारी हुन्छ । सम्वन्धन प्राप्त इकाईले आयोजना/कार्यक्रमको व्यवस्थापन गर्न पाउँछ । कार्यक्रम कार्यान्वियन गर्नुपूर्व आदिवासी जनजाति समुदायसंग स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीको सुनिश्चित गरी व्यवस्थित र पारदर्शी रुपमा जोखिम व्यवस्थापन गर्नेछ । यसको लागि कार्यक्रमको जोखिम र प्रभावलाई मुल्याँकन उपयुक्त ढंगले भएको छ कि छैन् यस सम्वन्धी प्रशस्त सूचना छ कि छैन् एफपिक राम्ररी भएको छ कि छैन् सवै कुरालाई मध्यनजर गरि सवै पक्षवाट उपयुक्त भएको खण्डमा मात्र आर्थिक सहयोगको लागि प्रक्रिया अगाडि वढाउनुपर्दछ । कार्यक्रम कार्यान्वियन सम्वन्धन प्राप्त इकाई मार्फत हुने हुनाले कार्यक्रमको अनुगमन र सुपरीवेक्षण यो नीति अनुसार भएको छ छैन् हेर्ने र यदि केही कमीकमजोरी भएको खण्डमा संवोधन गर्नुपर्दछ । त्यस्तै कार्यक्रमको अनुगमन, मूल्याँकन र प्रतिवेदन तयारीका क्रममा उपयुक्त अनुगमन र जवाफदेहिता खाका तयार गर्नुपर्ने हुन्छ । प्रस्तावित कार्यक्रम कार्यान्वियन सम्वन्धी परिवर्तनको समीक्षा गर्दा सम्वन्धन प्राप्त इकाइको व्यवस्थापन प्रणाली र आदिवासी जनजाति नीतिसंगको तालमेलको समीक्षा गर्नुपर्ने हुन्छ ।

## सूचना सार्वजनिक, सरोकारवालाहरुसंगको सहभागीता र गुनासो सम्वोधन कसरी गरिन्छ ?

स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी र कार्यक्रमको जोखिम र प्रभाव सम्वन्धी सम्पूर्ण सूचनालाई उपयुक्त तरिकाले सार्वजनिक गर्ने र यो हरित जलवायु

कोषको सूचना सार्वजनिक नीति वमोजिम गरिने सुनिश्चित गरिनुपर्दछ । त्यस्तै सम्वन्धन प्राप्त इकाईसंग काम गर्दा कार्यक्रमको कमजोरी वा खाडल सम्वोधन गर्ने सम्वन्धमा पनि सूचना सार्वजनिक गर्नुपर्दछ ।

सम्वन्धन प्राप्त इकाई वा कार्यान्वय इकाई मार्फत/द्वारा कार्यक्रमको तयारी र कार्यान्वयनको अवधिमा कोषको कार्यक्रमले प्रभाव पार्न सक्ने व्यक्ति वा समुदायसंग परामर्शको सुनिश्चितता गरिनुपर्दछ । त्यस्तै कार्यक्रम सम्वन्धमा कुनै गुनासो भएमा त्यसको संवोधन गर्ने षयन्त्र स्थापित गरिनुपर्दछ । सम्वन्धन प्राप्त इकाईले प्रत्येक गतिविधीहरुसंग सम्वन्धित गुनासो सुनुवाई षयन्त्र स्थापना गरी गुनासो सुनुवाई कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने सुनिश्चितता गरिनुपर्दछ ।

## आदिवासी जनजाति सल्लाहकार समूहलाई कोषले कसरी सहयोग गर्दछ ?

कोषले आदिवासी जनजाति सल्लाहकार समूहको कामलाई सहयोग गर्नेछ । र उनीहरुको सुझावलाई प्रभावकारी रुपमा वोर्ड समक्ष पुऱ्याउने, सम्वन्धन प्राप्त इकाई, राज्य र अन्य सम्वन्धित संस्था र व्यक्तिहरुमा पुऱ्याउने मद्दत गर्दछ । कोषले आदिवासी जनजाति नीतिको कार्यान्वयन सम्वन्धमा आवधिक समीक्षाको लागि सहयोग पुऱ्याउने काम गर्दछ ।

## सम्वन्धन प्राप्त इकाईको भूमिका र जिम्मेवारी अन्तर्गत के के पर्दछ ?

## सम्वन्धन प्राप्त इकाईहरूको भूमिका र जिम्मेवारी

**१) हरित जलवायु कोषबाट सहयोगको लागि प्रस्ताव गरिएको कृयाकलापहरुको अवस्थामाः**

क) आदिवासी जनजाति नीतिको मापदण्ड अनुसार स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी र अर्थपूर्ण परामर्शको सुनिश्चित गरिएको,

ख) कार्यक्रमको जोखिम र प्रभावलाई व्यवस्थापन गर्न व्यवस्थापन प्रणालीको कार्यान्वयन भएको, बहुसरोकारवालाहरुसँगको अर्थपूर्ण र समावेशी परामर्श र सहभागीता र कार्यक्रमको सवै चक्रमा पूरा गरेको साथै महिला, वालवालिका र फरक रुपमा सक्षम व्यक्तिहरुसँग समेत परामर्श गरेको,

ग) कार्यक्रमले जोखिम र प्रभावलाई उपयुक्त र प्रभावकारी रुपमा मुल्याङ्कन गरेको,

घ) नकारात्मक प्रभावलाई कम गर्न, पर्न नदिन वा न्यून गर्न उपयुक्त उपायको सुनिश्चितता गरेको,

ङ) सूचना, सार्वजनिक नीति, सरोकारवालाहरुको सहभागीताको सुनिश्चितता र इकाई तह र कार्यक्रम तहमा गुनासो सुनुवाई संयन्त्र भएको,

च) कार्यक्रमले पारेको प्रभाव सम्वन्धी परेको उजुरी र गुनासोलाई स्वतन्त्र गुनासो संवोधन संयन्त्रको सिफारिस अनुसार तुरुन्त संवोधन र कार्यान्वियनको सुनिश्चितता गरेको हुनुपर्दछ ।

**२) कोषले आर्थिक सहयोग उपलब्ध गराएको कार्यक्रमको अवस्थामाः**

क) स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीको सुनिश्चितता, आदिवासी जनजातिहरुको योजना (IPP) र क्ष्एएँक लाई कार्यान्वियन गरेको, अनुगमन गरेको र आवश्यकतानुसार निरन्तर रुपमा सुधार गरेको,

ख) कार्यक्रमहरुको प्रगति र कार्यसम्पादनको अनुगमन र  प्रतिवेदन नीति अनुरुप गरेको,

## आदिवासी जनजाति र योजना निर्माण सम्वन्धनमा के प्रावधान छ ?

सम्वन्धन प्राप्त इकाईले कोषको मापदण्डभित्र रही जलवायु परिवर्तन सम्वद्ध कार्यक्रम सम्वन्धी योजना, रणनीति र कृयाकलापहरु तयार गर्दा आदिवासी जनजातिहरुको सहभागीतालाई प्रवर्द्धन गर्नका लागि प्राविधिक वा वित्तिय सहयोगको व्यवस्था समावेश गर्नु पर्दछ । यस अन्तर्गत,

क) आदिवासी जनजातिहरुको प्रथाजनित वा परम्परागत भूस्वामित्व प्रथालाई कानुनी मान्यता प्रदान गर्न स्थानीय ऐन, कानुनको प्रवर्द्धन गर्ने ।

ख) सामाजिक, आर्थिक, अन्तरपुस्ता र लैङ्गिक सवाललाई संवोधन गर्ने ।

ग) बौद्धिक सम्पतीमाथिको अधिकार मार्फत परम्परागत ज्ञानको संरक्षण गर्ने ।

घ) विकासका योजना र कार्यक्रम तर्जुमामा आदिवासी जनजातिहरुको सहभागीताको लागि उनीहरुको क्षमता अभिबृद्धिलाई प्रवर्द्धन गर्ने ।

ङ) आदिवासी जनजाति महिला र अन्य सीमान्तकृत समुहको अर्थपूर्ण सहभागी र समावेशीकरणलाई बढावा दिने ।

तोकिएको राष्ट्रिय निकाय र सम्वन्धन प्राप्त इकाईले विभिन्न कार्यहरु अगाडि बढाउन तयारी र प्रस्तावना तयारी सहयोग तथा प्रस्तावना सहयोग कोषबाट सहयोग प्राप्त गर्न सक्दछ ।

क) आदिवासी जनजातिहरुको विकासको प्राथमिकतालाई सहयोग गर्न कार्यक्रम मार्फत प्राप्त गर्न सक्ने । यो सरकारले आदिवासी जनजातिको सहकार्यमा तयार गरेको हुन्छ ।

ख) आदिवासी जनजातिहरुको संस्कृति, जनसाँख्यिक अवस्था, लैङ्गिक र अन्तर पुस्ता सम्वन्ध, सामाजिक संगठन, सँस्था उत्पादन प्रणाली, धार्मिक विश्वास र श्रोतको प्रयोग सम्वन्धी दस्तावेजीकरण तयार गर्न सहयोग आवश्यक पर्ने ।

ग) सरकार, आदिवासी जनजातिका सँस्थाहरु, नागरिक समाजका सँस्थाहरु, नीजि क्षेत्र बीचको साझेदारीको लागि सहजीकरण गरी आदिवासी जनजाति समुदायको जलवायु समानुकुलनलाई प्रवर्द्धन गर्ने ।

## कार्यक्रम कार्यान्वयन कसरी गरिन्छ ?

आदिवासी जनजाति नीतिले हरित जलवायु कोषको विद्यमान नीति र अभ्यासलाई सहयोग पुऱ्याउँछ । यसमा मुख्य गरी वातावरणीय र सामाजिक जोखिम र प्रभाव व्यवस्थापन कोषको वातावरणीय र सामाजिक सुरक्षा मापदण्डको कार्यान्वयन ।

यो नीतिले कोषको आदिवासी जनजाति सम्वन्धी अन्तरिम वातावरणीय र सामाजिक सुरक्षा मापदण्ड, लैङ्गिक नीतिहरुको पुरकको रुपमा काम गर्दछ ।

आदिवासी जनजाति सम्वन्धी यदि कोषको नीति र आदिवासी जनजाति नीति वीच असमान्यजस्यता देखिएको खण्डमा, आदिवासी जनजाति नीतिहरुलाई मान्नुपर्दछ ।

सम्वन्धन प्राप्त इकाईले कोषमार्फत आर्थिक सहयोग उपलब्ध गराई स्वीकृत गरिएका कार्यक्रम र यसको कार्यन्वयनमा यो नीतिको मापदण्डलाई सुनिश्चित गर्नुपर्दछ ।

बोर्डले नीतिको कार्यान्वयन सम्वन्धमा हेर्ने र प्रत्येक ५ वर्षमा यसको समिक्षा गर्नेछ र बोर्डले नीति कार्यान्वयनको सम्वन्धमा कार्यान्वयन सम्वन्धी सचिवालयले आवधिक रुपमा प्रस्तुत गरेको प्रतिवेदनको समिक्षा गरी निरन्तर रुपमा अनुगमन गर्नेछ ।

सचिवालयले नीतिको कार्यान्वयन सम्वन्धी आवधिक मुल्यांकन गरी बोर्डलाई सो को प्रतिवेदन पठाई अनुगमनको लागि सहयोग पुर्‍याउनु पर्दछ । यसका लागि आधार तथ्याँक आवश्यक पर्दछ ।

क) आदिवासी जनजातिहरुको आवश्यकतालाई सम्वोधन गर्न कोषले कसरी सुधार गर्नका लागि निर्धारण गर्ने ।

ख) अनुकुलन र न्यूनीकरणको लक्ष्य प्राप्तीका लागि परिवर्तनको कारकतत्व पहिचान गर्ने ।

ग) कोषको नीति र कार्यक्रममा समावेश गर्नका लागि सँस्कृतिमैत्री कार्यक्रमको पहिचान र तयारी गर्ने ।

घ) नीति कार्यान्वियनका लागि चाहिने आवश्यक श्रोतहरुको अनुमान गर्ने ।

ङ) कार्यक्रमको उपलब्धी, नतिजा र प्रभावको मापनको किटान गर्ने ।

च) आदिवासी जनजातिहरुको प्रत्येक कार्यक्रमहरुमा प्रभावकारी सहभागीता, कार्यान्वियन र अनुगमनको लागि उपर्युक्त संयन्त्र तयार गर्ने ।

सम्वन्धन प्राप्त इकाई र कार्यान्वियन इकाईले यी माथिका सर्म्पूण कार्यहरुमा सहयोग गर्नेछ । आदिवासी जनजाति र नागरिक समाजका सँस्थालाई समिक्षाका क्रममा सहभागीता गराईनेछ ।

सचिवालयमा आदिवासी जनजाति विज्ञको नियूक्ति गरिनेछ र सचिवालयले नीतिको कार्यान्वियन र व्यवस्थापनको केन्द्रिय निकायको रुपमा काम गर्नेछ ।

आदिवासी जनजातिहरुको सल्लाहकार समुहको समेत खडा गरी हरितजलवायु कोष, सम्वन्धन प्राप्त निकाय, कार्यान्वियन निकाय, राज्य र आदिवासी जनजातिको विचमा समन्वय स्थापना गर्नेछ । यो समुहको मुख्य कार्य आदिवासी जनजातिहरुको केन्द्रिय निकाय, राष्टिय निकाय, सम्वन्धन प्राप्त निकाय र कार्यान्वियन निकायलाई सल्लाह र सुझाव दिने, नीतिको कार्यान्वियन सम्वन्धी अनुगमन गर्ने, बोर्डलाई आवश्यकता अनुसार सल्लाह र मार्गदर्शन प्रदान गर्नु हुनेछ ।

सल्लाहकार समुहमा ४ जना आदिवासी जनजातिको प्रतिनीधिहरु विभिन्न विकाशोन्मुख मुलुकहरुबाट प्रतिनिधित्व हुनेछ र कोषले उनीहरुलाई आर्थिक सहयोग उपलब्ध गराउनेछ । समुहका सदस्यहरु आदिवासी जनजातिहरुको नेतृत्वदायी सँस्था र स्वः छनोट प्रक्रिया मार्फत गरिनेछ । यसरी छनोट गर्दा प्रत्येक क्षेत्र र लैङ्गिक सन्तुलनका आधारमा ध्यान दिईनेछ । यस सल्लाहकार समुहले सचिवालयका सदस्यलाई जानकारी गर्ने र सचिवालयसँग सहकार्य गरी उनीहरुको कार्यक्रमको शर्तहरु तयार गर्नेछ ।

## राज्यको स्वामीत्व र सहभागीतालाई आदिवासी जनजाति नीतिले कसरी सहयोग पुर्‍याउँछ ?

आदिवासी जनजाति नीतिले राष्टिय रणनीति खाकाको तयारी र परियोजनालाई वित्तीय सहयोग प्राप्त गर्ने प्रक्रिया र आदिवासी जनजाति र बहुसरोकारवालाहरुको सहभागीताको लागि राज्यसँगको समन्वयको लागि यसले सहयोग गर्नेछ ।

राष्ट्रिय निकाय र केन्द्रिय निकाय (Focal Point) ले राष्ट्रिय जलवायू परिवर्तनको प्राथमिकता र रणनीति र कार्यक्रमहरु तयार गर्दा आदिवासी जनजाति सम्वन्धी राष्ट्रिय र अर्न्तराष्ट्रिय नीति र कानुनलाई समेत मध्यनजर गरिनु पर्दछ । यसका साथै परामर्श प्रक्रियामा आदिवासी जनजातिसँग  राज्यले उपयूक्त मापदण्डका आधारमा समन्वय गरी परामर्श गरिनुपर्दछ ।

## यो नीतिको लागु र समिक्षा कहिले र कसरी हुन्छ ?

यो नीतिको बोर्डले स्वीकृती प्रदान गरेपछि लागु हुनेछ र यो नीति बोर्डको हालसालै दक्षिण कोरियाको सोङदोमा सम्पन्न १९ औं बोर्ड बैठकबाट स्वीकृत भैसकेको छ ।

हरित जलवायू कोषले यो नीतिको समग्र मूल्याँकन र समिक्षाको आधारमा नीतिमा कुनै परिवर्तन वा सँशोधन गर्नु परेको अवस्थामा कोषको निर्णय प्रक्रिया अनुरुप गर्नेछ । स्वतन्त्र अनुगमन इकाईले नीति कार्यान्वयनको मूल्याँकन गरी त्यसलाई समिक्षा प्रतिवेदनमा समावेश गरिनेछ । यस क्रममा आदिवासी जनजाति प्रभावित समुदाय र अन्य नागरिक समाजसँग परामर्श गरी उनीहरुको राय सुझावलाई समावेश गरिनेछ ।

नीतिको उद्धेश्य प्राप्तीमा कोषको प्रभावकारीताको सम्वन्धमा मुल्याँकन गर्न नीति लागु भएको मितिको ५ वर्ष पछि समिक्षा गरिनेछ ।



## आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र

बूढानीलकण्ठ नगरपालिका, सुन्दरबस्ती-८, काठमाडौं

Website: www.cipred.org.np